# नेपाल सरकार
## महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौँ

## बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

दैनिक अद्यावधिक विवरण | मिति: १४ भदौ २०८३ | ३० अगस्ट २०२६

०१ **गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोगको समन्वयका लागि कार्यदल गठन:-** बाढी तथा विपद् प्रभावित नागरिकका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाबाट उपलब्ध हुने राहत, संरक्षण तथा पुनर्स्थापना सहयोगलाई आवश्यकताका आधारमा प्रभावकारी रूपमा परिचालन तथा समन्वय गर्न मन्त्रालयद्वारा गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था सहयोग समन्वय कार्यदल गठन गरिएको छ।

०२ **विपद् प्रभावित गर्भवती तथा सुत्केरी महिलाका लागि विशेष Hotline सेवा सञ्चालन:-** बाढी तथा विपद् प्रभावित गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु तथा उनीहरूका परिवारलाई तत्काल उद्धार, स्वास्थ्य सेवा, संरक्षण, सुरक्षित स्थानमा स्थानान्तरण तथा अस्थायी सुरक्षित आवास र पुनर्स्थापना सहयोगमा पहुँच सहज बनाउन मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँगको समन्वयमा विशेष Hotline तथा Referral सेवा सञ्चालनमा ल्याएको छ। अस्पतालमा तत्काल उपचारपछि पनि सुरक्षित अस्थायी आवास वा थप संरक्षण आवश्यक पर्ने आमा तथा नवजात शिशुलाई सम्बन्धित निकाय तथा साझेदार संस्थासँग समन्वय गरी आवश्यक सहयोग उपलब्ध गराउन सहजीकरण गरिनेछ।

**तत्काल सुरक्षित आवास, संरक्षण तथा पुनर्स्थापना सहयोगका लागि:**

+977 9841614586 | +977 9841386871

०३ **गर्भवती, सुत्केरी, नवजात शिशु तथा बालबालिकाका लागि अस्थायी सुरक्षित आवासको क्षमता नक्साङ्कन:-** विपद् प्रभावित गर्भवती तथा सुत्केरी महिला, नवजात शिशु, बालबालिका तथा आवश्यकताअनुसार उनीहरूका अभिभावक वा हेरचाहकर्तालाई तत्काल सुरक्षित अस्थायी आवास उपलब्ध गराउन मन्त्रालयले Protection Cluster का सदस्य तथा साझेदार संस्थाहरूसँग उपलब्ध सुरक्षित आवास क्षमताको विवरण माग गरेको छ। संस्थाहरूसँग उपलब्ध स्थान, कोठा/बेड संख्या, कम्तीमा एक महिनासम्म उपलब्ध गराउन सकिने आवास क्षमता, आधारभूत सेवा तथा सम्पर्क व्यक्तिको विवरण संकलन गरी आवश्यक परेका व्यक्तिलाई शीघ्र र सुरक्षित रूपमा रेफरल गर्ने तयारी भइरहेको छ।

०४ **बाल संरक्षण कार्य समूहअन्तर्गत Rapid Assessment Team गठन:** रसुवा, नुवाकोट, धादिङलगायत बाढी प्रभावित जिल्लामा जोखिममा परेका बालबालिकाको अवस्था तथा आवश्यकता पहिचान गरी उद्धार, राहत, संरक्षण, पुनःस्थापना तथा सुरक्षित आवास व्यवस्थापनमा सहजीकरण गर्न ६ सदस्यीय Rapid Assessment Team गठन गरी सात दिनभित्र प्रतिवेदन पेश गर्ने निर्णय गरिएको छ।

०५ **राष्ट्रिय बाल अधिकार परिषद्को सूचना:** राष्ट्रिय बाल अधिकार परिषद्ले अभिभावकविहीन, परिवारबाट छुट्टिएका वा जोखिममा परेका बालबालिकालाई सम्भव भएसम्म परिवार वा आफन्तकै संरक्षणमा राख्न र आवश्यक प्रक्रिया तथा परिषद्को सहमतिबिना बालगृह वा अस्थायी संरक्षण केन्द्रमा नराख्न तथा ओसारपसार नगर्न सार्वजनिक सूचना जारी गरेको छ।